# कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

**प्रस्तावनाः** प्रदेश नं. ५ भित्र कृषि ज्ञान केन्द्र मार्फत सञ्चालन हुने कृषि विकास कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न सुशासन (कार्यसञ्चालन तथा व्यवस्थापन) ऐन २०६४ को दफा १४ र सुशासन (कार्यसञ्चालन तथा व्यवस्थापन) नियमावली २०६५ को नियम ९ को अधिकार प्रयोग गरी तथा प्रदेश सरकार, प्रदेश नं. ५ को नीति तथा कार्यक्रमको बुंदा नं. ५०, ५२, ५३, ५४, ५५ र ६४ लाई समेत सम्बोधन गर्न प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" तयार गरी लागू गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यबिधिको नाम "कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “मन्त्रालय” भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(ख) “निर्देशनालय” भन्नाले मन्त्रालय अन्तरगतको कृषि विकास निर्देशनालय सम्झनुपर्छ ।

(ग) “कार्यालय” भन्नाले कृषि ज्ञान केन्द्र सम्झनुपर्छ ।

(घ) “समिति”भन्नाले यस कार्यविधिको दफा ५ अनुसार गठित कृषि ज्ञान केन्द्रस्तर अनुदान व्यवस्थापन तथा प्राविधिक समिति सम्झनुपर्छ ।

(ङ) "समिति" भन्नाले दफा ६ को खण्ड (घ) बमोजिम गठित उपसमिति सम्झनुपर्छ ।

**३. उद्देश्यः** (१) कृषि ज्ञान केन्द्रवाट सञ्चालन हुने कार्यक्रमहरु व्यवस्थित, पारदर्शि र प्रभावकारी रुपमा सञ्चालन गर्ने ।

(२) कृषि व्यवसायलाई आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने।

(३) गरीबी निवारण, खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने।

## परिच्छेद -२

## कार्यक्रम कार्यान्वयन प्रकृया

४. **सुचना प्रकाशनः** सम्वन्धित कार्यालयहरुले स्वीकृत कार्यक्रम अनुसार प्रचलित कानुन बमोजिम सुचना प्रकाशन गर्नुपर्नेछ ।

५. **कृषि ज्ञान केन्द्रस्तर अनुदान व्यवस्थापन तथा प्राविधिक समिति** : स्वीकृत अनुदान कार्यक्रमहरु कार्यान्वयन व्यस्थापन प्रयोजनार्थ सम्वन्धित कृषि ज्ञान केन्द्रमा देहायबमोजिमको कृषि ज्ञान केन्द्रस्तर अनुदान व्यवस्थापन तथा प्राविधिक समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख, कृषि ज्ञान केन्द्र | संयोजक |
| (ख) अधिकृत प्रतिनिधि, सम्वन्धित जिल्लाको जिल्ला समन्वय समिति | सदस्य |
| (ग) संयोजक, सार्वजनिक खरिद ईकाई, कृषि ज्ञान केन्द्र | सदस्य |
| (घ) प्रतिनिधि, सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य |
| (ङ) लेखापाल, कृषि ज्ञान केन्द्र | सदस्य |
| (च) १ महिला र १ पुरुष कार्यालयले तोकेको कृषक प्रतिनिधि | सदस्य |
| (छ) कार्यक्रम सञ्चालन गर्ने जिम्मेवार कर्मचारी, कृषि ज्ञान केन्द्र | सदस्य सचिव |

आवश्यकता अनुसार थप ३ जना आमन्त्रण गर्न सकिने ।

६. **समितिको काम कर्तव्य अधिकारः** समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) आवेदनका लागि प्रचलित कानुन बमोजिम हुने गरी न्युनतम मापदण्ड र संलग्न गर्नुपर्ने कागजातहरु निर्धारण गरि सार्वजनिक गर्न कार्यालयलाई सिफारिस गर्ने ।

(ख) कार्यक्रमहरुमा प्रस्ताव पेश गर्नका लागि प्रस्तावको ढांचा तोक्ने ।

(ग) अनुसूची २ बमोजिमको मूल्याङ्कनका आधारको सिमाभित्रका आधारहरुको थप ब्याख्या अनुसार अङ्कभार बाँडफांड गर्ने।

(घ) प्राप्त प्रस्तावहरु मुल्याङ्कनका लागि ३ सदस्य रहेको मुल्याङ्कन उपसमिति गठन गरी स्वीकृत न्युनत्तम मापदण्ड पुरा गरे नगरेको आधारमा मुल्याङ्कनका क्रममा प्रारम्भिक छनौट (प्रि स्क्रिनिङ्ग) गरी समितिमा सिफारिस गर्ने जिम्मेवारी दिने र स्थलगत निरिक्षण समेत गरी अन्तिम मुल्याङ्कन प्रतिवेदन समेत समितिमा पेश गर्ने जिम्मेवारी दिने ।

(ङ) उपसमितिको प्रतिवेदन समेत अध्ययन गरी पेश भएका प्रस्तावहरु छनौट हुने/नहुने निर्णय गर्ने ।

(च) कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने र प्रभावकारी कार्यान्वयनका लागि कार्यालयलाई राय सुझाव दिने ।

(छ) लक्षित वर्गका कृषकहरुलाई अनुदानमा फलफूल विरुवा वितरण कार्यक्रमको क्षेत्र समितिले तोकी सम्वन्धित कार्यालयलाई अनुदानमा वितरणको व्यवस्थापन गर्ने जिम्मेवारी तोक्ने ।

७. **<u>कार्यक्रम र अनुदान प्रवाहको विवरणः</u>** कार्यक्रम र अनुदान प्रवाहको विवरण तालिका १ बमोजिम हुनेछ।

**<u>तालिकाः १</u>**

| क्र.सं. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान | कैफियत |
|---|---|---|---|---|
| १ | कफी प्रशोधन केन्द्र स्थापना | पल्पर, रोष्टर र ग्रिण्डर मेसिन खरिद (ढुवानी र जडान खर्च समेत ) | ७५ प्रतिशत | |
| २ | लक्षित वर्गका कृषकहरुलाई अनुदानमा फलफूल विरुवा वितरण | विरुवाको मुल्य ( प्रति विरुवा परल, प्याकेजिङ र ढुवानी समेत) मा अनुदान | ५० प्रतिशत (१० प्रतिशत सम्म मोर्टालिटी हुन सक्ने) | |
| ३ | सुन्तला बगैचा सुदृढीकरण कार्यक्रम | शुक्ष्म तत्व, प्राङ्गारिक तथा रासायनिक मल, बोर्डोपेष्ट तथा विषादी,मेसिनरी तथा उपकरण खरिदमा अनुदान | ७५ प्रतिशत (अधिकतम प्रति हे. रु ७६ हजार) | |
| | | कार्यक्रम सञ्चालन हुने बगैंचामा अनिवार्य रुपमा PCR नमुना संकलन तथा परिक्षण | १०० प्रतिशत | |
| ४ | थोपा सिंचाईमा आधारित उच्च घनत्व केरा बगैचा स्थापना | तन्तु प्रजनन् विधि द्वारा उत्पादित विरुवा खरिद तथा ढुवानी, रोपण र थोपा सिचाई (माग अनुसार) | ५० प्रतिशत (प्रति हे.अधिकतम ३ लाख) | |
| ५ | १ हे. भन्दा वढी | विरुवा खरिद तथा ढुवानी, | ५० प्रतिशत | प्रति हे. |

| | | | | |
|---|---|---|---|---|
| | क्षेत्रफलमा कागती खेती विस्तारका लागि प्रस्तावनामा आधारित अनुदान | रोपण, र थोपा सिचाई (माग अनुसार) | | अधिकतम २.५ लाख |
| | | खाडल खन्ने उपकरण खरिद | ७५ प्रतिशत | |
| ६ | १ हे. भन्दा वढी क्षेत्रफलमा किवि खेती विस्तारका लागि प्रस्तावनामा आधारित अनुदान | विरुवा खरिद तथा ढुवानी | ५० प्रतिशत | प्रति हे. अधिकतम ५ लाख |
| | | जमिन तयारी तथा ले आउट, | ५० प्रतिशत | |
| | | खाडल खन्ने उपकरण खरिद | ७५ प्रतिशत | |
| | | विरुवाको लागि तालिम संरचना निर्माण | ७५ प्रतिशत | |
| | | थोपा सिंचाई | ७५ प्रतिशत | |
| | | विरुवा रोप्ने, मलखाद, तारवार, विषादी तथा अन्य | २५ प्रतिशत | |
| ७ | अदुवा वेसार उत्पादक कृषकहरुलाई प्रशोधन केन्द्रसम्म ढुवानीमा अनुदान | ढुवानिको प्रचलित बजारदरमा कार्यालयले तोकेको पकेट क्षेत्रका कृषक समूह वा सहकारीहरुलाई समितिले निर्धारण गरे अनुरुप पकेट क्षेत्र देखि प्रशोधन केन्द्रसम्म ढुवानी खर्चमा अनुदान | ५० प्रतिशत | |
| ८ | कम उत्पादन लागतका रैथाने वालीहरुको प्रवर्धन तथा बजारीकरण | बीउमा अनुदान | ५० प्रतिशत | |
| | | बजारीकरण सामाग्री उपकरण (डिजिटल तराजु, बोरा खरिद तथा छपाई, बोरा सिउने मेसिन आदि) रैथाने वालीको प्रशोधनमा सहगोग पुर्‍याउने साधारण कुटानी पिसानी मेसिन | ७५ प्रतिशत | |
| ९ | पहाडी र स्थानीय आलु विकास तथा तरकारी | अनुदानमा आलुको बीउ वितरण | ५० प्रतिशत | |

| | | | | |
|---|---|---|---|---|
| | विकास कार्यक्रम | ड्याङ बनाउने औजार | ७५ प्रतिशत | |
| १० | पोषण सुधार कार्यक्रम तरकारीको बीउ तथा तरकारी नर्सरी स्थापनामा सहयोग अनुदान | तरकारी नर्सरी स्थापना (समिति द्वारा स्वीकृत स्पेशिफिकेसन अनुसार हुनुपर्ने) | ५० प्रतिशत | |
| | | तरकारीको स्रोत बिउमा अनुदानका आधारमा घरबारी बगैंचा स्थापना | ५० प्रतिशत | |
| ११ | कन्ये च्याउका लागि बफाउने मेशिन बितरण | कन्ये च्याउका लागि पराल बफाउने मेशिन खरिद,ढुवानी तथा जडान | ५० प्रतिशत | |
| १२ | च्याउ उत्पादन टहरा निर्माण | च्याउ उत्पादन टहरा निर्माण | ५० प्रतिशत | |
| १३ | मौरी गोला घार बितरण | मौरी गोला घार बितरण | ५० प्रतिशत | |
| १४ | आधार चाका बितरण | आधार चाका बितरण | ५० प्रतिशत | |

८. **अनुदान रकम भुक्तानी** : अनुदान रकम भुक्तानी सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रम सञ्चालनका लागी छनौट पश्चात द्विपक्षिय सम्झौता गरी कार्यालयले कार्यादेश दिनेछ ।कार्यसम्पन्न भएपश्चात अनुदानग्राहीले कार्यसम्पन्न प्रतिवेदन र आवश्यक विल भर्पाई सहित तोकिएको समयभित्र भुक्तानी माग गर्नुपर्नेछ र सो अनुसार कार्यालयले स्थलगत निरिक्षण पश्चात सम्पादित कार्यका आधारमा भुक्तानी गर्नेछ ।

(ख) स्वीकृत अनुदान रकममा सुचना प्रकाशन, विज्ञ सेवा, बैठक खर्च, अनुगमनमा औचित्य र आवश्यकता अनुसार खर्च गर्ने गरी अधिकतम ५ प्रतिशत कन्टीन्जेन्सी रकम र प्रचलित कानुन बमोजिम कर कट्टि गरी भुक्तानी गर्नेछ ।

## परिच्छेद -३

## <u>कार्यक्रम अनुगमन व्यवस्था</u>

**९. <u>कार्यक्रम अनुगमन</u>** : आवश्यकता अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, सम्बन्धित स्थानीय तह तथा सम्वन्धित कृषि ज्ञान केन्द्र र समितिबाट  कार्यक्रमको अनुगमन हुनेछ।

## परिच्छेद -४

## <u>विविध</u>

**१०. <u>कारवाहीको व्यवस्था</u>** : सम्झौता अनुसार कार्य नगर्ने तथा अनुदान रकमको दुरुपयोग गर्ने अनुदान ग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

**११. <u>बाधा अड्चन, निरुपण, खारेजी र संसोधन</u>** : (१) यस कार्यविधि कार्यान्वयनमा बाधा, द्विविधा वा विवाद भएमा सो को निरुपण समितिले गर्नेछ ।

(२) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधि संसोधन तथा खारेज गर्न सक्नेछ ।

## अनुसुची १

## लक्षित वर्गका कृषकहरुलाई अनुदानमा फलफूल विरुवा वितरण कार्यक्रमको मार्फत विरुवा मागको लागि पेश गर्ने निवेदनको ढांचा

श्रीमान् प्रमुख ज्यू,
कृषि ज्ञान केन्द्र
.................

विषय : विरुवा उपलब्ध गराईदिने वारे ।

उपरोक्त सम्बन्धमा लक्षित वर्गका कृषकहरुलाई अनुदानमा फलफूल विरुवा वितरण कार्यक्रमको मार्फत म ........................ ले .......................... गा.पा.र/न.पा./उ.म.न.पा. .............नं वडामा ...................... वटा.................................... जातको फलफूलको विरुवा रोपण गर्ने योजना रहेकोले विरुवा उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

निवेदक

....................................

## अनुसुची २

## मुल्याङ्कनका आधारहरु

| आधार | अंकभार |
|---|---|
| प्राविधिक, सामाजिक, आर्थिकउपयुक्तता | २०% |
| प्रभावकारिता | ४०% |
| दिगोपना | २०% |
| स्थलगत निरिक्षण | २०% |